**मध्यनेपाल नगरपालिका**

**भोर्लेटार, लमजुङ**

**नगर कार्यपालिकाको वैठकका प्रस्ताव तथा निर्णयहरु:**

**(वैठक संख्या: ०५/२०८१-०८२, मिति: २०८१/०७/२८)**

१. **प्रगति समिक्षा प्रतिवेदन सार्वजनिक गर्ने सम्बन्धमा:** यस नगरपालिकाको गत आ.व. २०८०/०८१ को वजेट कार्यान्वयनको प्रगति विवरण तयार गरी मिति २०८१/०७/०७ मा जिल्ला समन्वय समितिको हलमा सरोकारवालाहरुको उपस्थितिमा प्रस्तुत गरिएकोमा उक्त प्रगति प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि कार्यालयको वेवसाईट, पत्रपत्रिका र विभिन्न सञ्चार माध्यमवाट सार्वजनिक गर्ने।

२. **जन श्रमदान सम्बन्धमा:** उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने सम्पूर्ण विकास योजनाहरुमा प्रचलित कानून बमोजिम अनिवार्य जनश्रमदानको व्यवस्था भएकोमा त्यसलाई प्रभावकारी रुपले लागू गर्नका लागि यस नगरपालिकावाट कार्यान्वयन हुने तपसिल बमोजिमका विषय/क्षेत्रगत योजनाका लागि तपसिल बमोजिमको न्यूनत्तम श्रमदान तोकी कार्यान्वयन गर्ने।

**तपसिल:**

| क्र.सं. | योजनाको विषय/ क्षेत्र | कुल लागतको अनुपातमा न्यूनत्तम जनश्रमदानको प्रतिसत | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी | १० प्रतिसत | |
| २ | भवन | १० प्रतिसत | |
| ३ | सिंचाई | १५ प्रतिसत | |
| ४ | मोटर वाटो | २० प्रतिसत | |
| ५ | गोरेटो वाटो | २५ प्रतिसत | |
| ६ | अन्य | १० प्रतिसत | |

३. **तेक्वान्दो प्रतियोगिताका लागि रकम विनियोजन सम्बन्धमा:** राष्ट्रिय तेक्वान्दो संघ नेपाल लमजुङको आयोजनामा मिति २०८१/०७/३० देखि २०८१/०८/०१ सम्म मध्यनेपाल नगरपालिका वडा नं. ६ भोर्लेटार स्थित ईशानेश्वर क्याम्पस चौरमा सञ्चालन हुन गैरहेको प्रथम मेयर कप राष्ट्रिय तेक्वान्दो प्रतियोगिताका लागि आर्थिक सहयोगका लागि कार्यालयमा प्रस्ताव पेश भएको हुँदा नगरसभावाट स्वीकृत नगर प्रमुख खेलकुद कार्यक्रम शिर्षकमा विनियोजित रकम रु. २४ लाख मध्येवाट रु. ५ लाख विनियोजन गरी सहयोग उपलब्ध गराउने।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा मध्यनेपाल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको।

<u>निर्णय प्रमाणीत गर्ने</u>

| | |
|---|---|
| चण्डिका पौडेल | रमेश कुमार पाण्डे |
| प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

मिति:२०८१/०७/२८